स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भ्यालेनटाइन डेको अवसर पारेर आगामी फागुन २ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'रंगी' को दोस्रो चरणको पोस्टर सार्वजनिक गरिएको छ । यसअघि सार्वजनिक पोस्टरले बाबु-छोरीको पीडाभाव दर्शाएकोमा नयाँ पोस्टरले पात्रहरुको खुसीलाई प्रस्तुत गरेको छ । जसमा फिल्मका मुख्य कलाकारहरु सलोन बस्नेत, नम्रता श्रेष्ठ र आयुषी ढकाल (बाल कलाकार) चित्रित छन् । पोस्टरमा साइकल चलाइरहेका सलोनले फुडमाण्डुको ब्यागमा आयुषीलाई बोकेका छन् ।

**आजको विचार...**



**आयोजना...**

*(दुई पेजमा)*

**डा. विष्णुप्रसाद गौतम**

दक्षिण भारतको ब्लकबस्टर फिल्म 'पुष्पा २'ले भारतसँगै नेपाली बक्स अफिसमा पनि कीर्तिमान बनाएको छ । फिल्मले नेपालमा सबैभन्दा धेरै कमाउने विदेशी फिल्मको रेकर्ड बनाएको निर्माण कम्पनी मिथ्री मुभी मेकर्सले दाबी गरेको छ । कम्पनीले एक पोस्टर मार्फत् फिल्मले नेपालमा २४ करोड ७५ लाख ग्रस (नेरु) कमाइ गरेको जनाएको छ । यो कमाइ जम्मा २० दिनको हो । 'अहिले 'पुष्पा २' नेपालमा सबैभन्दा धेरै कमाउने विदेशी फिल्म बनेको छ,' व्यापार सार्वजनिक गर्दै कम्पनीले भनेको छ, 'यो नेपाली बक्स अफिसमा सबैभन्दा ठूलो ब्लकबस्टरमध्ये एक हो ।



❒ वर्ष ३० ❒ अंक १५५ ❒ २०८१ पौष १३ गते शनिबार 28 December 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### कोरियाली सैनिकको मृत्युः सियोल

**रासस/एएफपी**

**काबुल,** पौष १२/युक्रेनविरुद्धको रूसको युद्धका क्रममा पक्राउ परेका उत्तर कोरियाली सैनिकको चोटका कारण मृत्यु भएको दक्षिण कोरियाली गुप्तचर निकायले जनाएको छ ।

प्योङयाङले रूसी सेनालाई सहयोग गर्न हजारौं सैनिक तैनाथ गरेको छ र उनीहरू प्राय कुर्स्क सीमा क्षेत्रमा तैनाथ छन् । कुर्स्क अगस्टमा युक्रेनले नियन्त्रणमा लिएको रूसी क्षेत्र हो । उत्तर कोरियाली सैनिकमध्ये एक जनालाई युक्रेनी सेनाले जीवितै नियन्त्रणमा लिएको दक्षिण कोरियाली गुप्तचर स्रोतले एएफपीलाई जानकारी दिएको छ । कुर्स्कमा तैनाथ उत्तर कोरियाली सैनिक समातिएको केही घण्टापछि सियोलको नेसनल इन्टेलिजेन्स सर्भिस (एनआईएस) ले ती सैनिकको मृत्यु भएको जनाएको हो । दक्षिण कोरियाली गुप्तचर निकायले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'डिसेम्बर २६ मा जीवितै पक्राउ परेका उत्तर कोरियाली सैनिकको गम्भीर चोटका कारण मृत्यु भएको छ ।' युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसी सेनामा सामेल भएका करिब तीन हजार उत्तर कोरियाली सैनिक मारिएको वा घाइते भएको बताए । दक्षिण कोरियाको गुप्तचर सेवाले यसअघि हताहत (मृत्यु वा घाइते हुने) उत्तर कोरियाली सैनिकको सङ्ख्या एक हजार रहेको बताएको थियो ।

# आत्मनिर्भर बन्दै रामपुरका युवा

## ब्याज अनुदानबाट ९७ जना लाभान्वित, एक करोड लगानी

**रासस**

**रामपुर (पाल्पा),** पौष १२/युवा स्वरोजगार कार्यक्रममार्फत युवाले विभिन्न व्यवसाय गरेर आत्मनिर्भर बन्दै गएका छन् । रामपुर नगरपालिकाले विदेश गएर फर्केका र विदेश जान लागेका युवालाई लक्षित गरी युवा स्वरोजगार कार्यक्रममार्फत ब्याज अनुदान कार्यक्रम सञ्चालन गरिरहेको छ ।

यस कार्यक्रमबाट विभिन्न व्यवसायमा आवद्ध भएर यहाँका ९७ युवा लाभान्वित भएका नगरपालिकाले जनाएको छ । हालसम्म एक करोड ११ लाख ६९ हजार आठ सय २८ बराबरको रकम लगानी गरिएको र त्यसले देशमै केही गर्ने चाहना भएका युवालाई लाभ पुगेको नगरपालिकाको कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले बताए । उनका अनुसार चालु आर्थिक वर्षमा नगरभित्रका ४४ जना युवालाई कार्यक्रममा छनौट गरिएको छ । तरकारी, फलफूल खेती, संरचनाभित्र तरकारी खेती, फलफूल वा पुष्प नर्सरी, कुखुरापालन, माछापालन, बाख्रापालन, मौरीपालन, च्याउखेती, बङ्गुरपालन, गाईभैंसीपालन व्यवसाय गर्नका लागि




नगरपालिकाले ब्याज अनुदान उपलब्ध गराउँदै आएको छ । तोकिएको मापदण्ड र कार्यविधिमा रहेर व्यवसाय गर्ने युवालाई यस कार्यक्रममा समावेश गरिने गरिएको शाखा प्रमुख गैरेले जानकारी दिए । यो कार्यक्रम आर्थिक वर्ष २०७६/७७ देखि सुरु भएको हो । सुरुमा पाँच लाखबाट ब्याज अनुदान दिन थालेको नगरपालिकाले हाल ३० लाखसम्म अनुदान दिने गरेको छ । विदेश जाने तयारीमा रहेका, विदेशबाट फर्केका युवालाई गाउँमै बसेर व्यवसाय गर्न प्रोत्साहन गराउने उद्देश्यले ब्याज अनुदान कार्यक्रम ल्याइएको नगरप्रमुख रमणबहादुर थापा बताउन्छन् । 'युवालाई लक्षित गरेर ल्याइएको यस कार्यक्रममा केही उद्यम, व्यवसाय गर्छु भन्ने युवाका लागि सहज भएको छ, आफूले कारोबार गरेका नगरपालिकाभित्रका कुनै पनि बैङ्क तथा वित्तीय संस्थाबाट ऋण झिकेर व्यवसायमा लगानी गर्ने, बैङ्कको खातामा नगरपालिकाले ब्याज बुझाउने कार्य गरिरहेको छ, यसले ब्याज बुझाउने तनाव व्यवसायीमा हटेको छ' उनले भने । दुई वर्षसम्म युवा स्वरोजगार कार्यक्रममार्फत ब्याज अनुदान प्राप्त गरी सकेका युवा उद्यमीहरुले पुनः कार्यक्रममा सहभागी भई ब्याज अनुदानका लागि प्रस्ताव पेस गरेमा समितिले पूर्वसञ्चालित व्यवसायमा न्यूनतम मापदण्ड पूरा गरी थप कर्जा रकममा ब्याज अनुदान दिने व्यवस्थासमेत रहेको नगरप्रमुख थापाले जानकारी दिए ।

अनुगमन समितिले बेला-बेलामा व्यवसायको अनुगमन गरी मापदण्डअनुसार व्यवसाय सञ्चालन भए/नभएको मूल्याङ्कन गरेर मात्रै सम्बन्धित व्यवसायीको बैङ्क खातामा रकम उपलब्ध गराउँदै आएको नगरपालिकाले जनाएको छ । मापदण्ड अनुसार काम नगरेको ठहर गरेमा सो रकम रोक्का गरिने नगरपालिकाले जनाएको छ ।

**आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं**

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने ब्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं,

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# तिनाउ गाउँपालिका : ४ महिनामा १ करोड ८२ लाख राजश्व संकलन

**कृष्ण पोखरेल**

**पाल्पा,** पौष १२/जिल्लाको तिनाउ गाउँपालिकाले ४ महिनामा १ करोड ८२ लाख राजश्व संकलन गरेको छ । पालिकाले प्रथम चौमासिकमा १ करोड ८२ लाख २ हजार अर्थात् १७ दशमलव ३२ प्रतिशत आन्तरिक आम्दानी गरेको हो ।

पालिकाले सार्वजनिक सुनुवाई गर्दै चौमासिक प्रगति विवरण सार्वजनिक गरेको छ । चालु आर्थिक बर्षमा १० करोड ५० लाख ४३ हजार आम्दानी हुने लक्ष्य लिएको गाउँपालिकाले ४ महिनामा उक्त राजश्व संकलन गरिएको जनाएको छ । पालिकाले प्रथम चौमासिक सम्म १३ दशमलव ८६ प्रतिशत मात्र प्रगती हासिल गरेको छ ।

चालु आर्थिक बर्षमा पालिकाले ५४ करोड २० लाख ८४ हजार विनियोजन गरेकोमा हालसम्म ७ करोड ५१ लाख ४१ हजार मात्र खर्च गरेको छ । जसमा चालुतर्फ ७ करोड २७ लाख ८९ हजार खर्च गरी




१९ दशमलव ५५ र पुँजीगततर्फ २३ लाख ५२ हजार खर्च गरी १ दशमलव ३९ प्रतिशत मात्र प्रगति हासिल गरेको छ ।

गाउँपालिकामा २०८१ श्रावणदेखी मंसिरसम्म १ सय ५२ जनाको जन्म भएकोमा ७१ जनाको मृत्यु भएको, १२ जनाको सम्बन्ध विच्छेद, ७८ जनाको विवाह भएको, २६ घरपरिवार बसाइसराई गरेको र ६ परिवार बसाईसराई आएको देखिएको छ । पालिकाको १ सय २० वटा योजना रहेकोमा हालसम्म ५० वटा योजना सम्झौता भएकोमा बाँकी सम्झौताको चरणमा रहेको र केही योजनाको काम सम्पन्न भए पनि फरफारक नभएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाको सार्वजनिक सुनुवाईमा आएका सुझाव, गुनासाहरु देखिएका कमिकमजोरीहरुलाई आत्मसात गर्दै पालिकाको दैनिक सेवाप्रवाहमा सुधार भएमात्र सार्वजनिक सुनुवाई गरेको औचित्य हुने अन्यथा कर्मकाण्डी प्रक्रिया मात्र हुनेमा नागरिकहरुले जोड दिए । कार्यक्रममा नागरिकहरुले बर्षायामदेखी बन्द भएका गाउँ-ठाउँका बाटोहरु हालसम्म पनि मर्मत सम्भार नभएको, विरामी बोक्ने एम्वुलेन्स आफै विरामी भएर पालिका अगाडि नै थन्किएको, कृषि एम्वुलेन्स ५ महिना देखी विग्रिएर बन्द भएको, प्रमुख प्रशासकीय अधिकृत र कार्यालयका कर्मचारीहरुबिच तालमेल नहुँदा जनताको काममा समस्या भएको गुनासा गरेका छन् ।

**...बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## सुशासनका गफ नदेऊ

हरेक सभा, समारोहमा राजनीतिक दलहरुले मुखबाट बोल्ने पहिलो शब्द हो सुशासन । कार्यक्रममा होस् वा अन्य औपचारिक कुराकानीका क्रममा नै किन नहोस्, उनीहरुले मुलुकमा सुशासन राख्नुपर्छ, यो अत्यावश्यक छ भन्न कहिल्यै पनि छुटाउँदैनन् । उनीहरुका कागजी प्रतिबद्धतामा समेत सुशासन र समृद्धिका नारा समेटिएका हुन्छन् । तर जनताले अहिलेसम्म सुशासनको अनुभव गर्न सकेका छैनन् । विगतका आफ्ना प्रतिबद्धता भुलेर नेतृत्व वर्ग निहित स्वार्थ र सत्तालिप्सामा टाँसिएका कारण मुलुकका हरेक क्षेत्रमा बेथिति मौलाउँदै गएको छ । सरकार बनाउने र भत्काउने खेलमा राजनीतिक नेतृत्ववर्ग व्यस्त हुँदा आमजनताका समस्या ज्यूँका त्यूँ रहेका छन् । तर पनि मुलुकको समृद्धि र सुशासनका नारा लगाउन भने उनीहरूले छाडेका छैनन् । भ्रष्टाचार जतिसुकै बढोस्, कुनै मतलब नै गर्दैनन् । यसले उनीहरुले बोली र व्यवहारमा ठीक उल्टो चरित्र प्रदर्शन गर्ने गरेको प्रस्ट हुन्छ । यदि उनीहरुले बोलेको कुरा व्यवहारमा उतारेको भए आज मुलुकमा भ्रष्टाचारको पारो यसरी बढ्दैनथ्यो, जतातते विकृति र कुशासन मौलाउँदैनथ्यो । सुशासनको रटान लगाउँदै आएको सरकारले सामाजिक उत्तरदायित्वसमेत भुल्दै गएको देखिएको छ । आमसर्वसाधारणका सामान्य समस्यासमेत सम्बोधन गर्न नसकेको देखिएको छ । सामान्य जीवनयापनका लागि चाहिने आधारभूत आवश्यकता समेत सर्वसुलभ रूपमा प्राप्त गर्न नसक्नु दुखद् हो ।

सुशासन मुलुकको आर्थिक एवं सामाजिक विकासको अनिवार्य आधारशिला हो । यसको उपस्थितिमा मात्र विकास निर्माणका योजना तथा कार्यक्रमले मूर्तरूप प्राप्त गर्न सक्ने अवस्था रहन्छ । तर, अहिलेसम्म मुलुकमा यो अवस्थाको सिर्जना हुन सकेको छैन । मुलुकका हरेक क्षेत्रमा बढ्दै गएको बेथिति, भ्रष्टाचार, आर्थिक अनियमिततताजस्ता विषय सुशासनका मुख्य बाधक तत्व हुन् । यसैकारण मुलुकमा सुशासनको प्रत्याभूति दिलाउन सर्वप्रथम यसका बाधक तत्व निर्मूल पार्नुपर्ने आवश्यकता देखिएको छ । सरकारले आफ्ना नीति तथा कार्यक्रममा सैद्धान्तिक रुपमा सुशासन उल्लेख गर्दैमा सर्वसाधारणले यसको अनुभूति प्राप्त गर्न सक्दैनन् । मुलुकमा त्यतिबेला सुशासनको महसुस गर्नेछन् जतिबेला आमनागरिकले जीवन निर्वाहका आधारभूत सेवा शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्, खाद्यान्न, आवासलगायतका वस्तु सर्वसुलभ प्राप्त गर्ने छन् । सुशासन कायम गर्छु भनेर प्रतिवद्धता जनाउनेले त्यसलाई व्यवहारमा अनुभूत गराउन सक्नुपर्छ । यसैले अब गफ दिएर हैन सुशासनलाई व्यवहारमा उतार्न जरुरी छ ।

## Opinion @ Social Network

चङ्गा जस्तो मन, जहाँ विचार र भावना स्वतन्त्र छन्, केवल उड्न चाहन्छ ।
(सुशिल बस्यालकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Rastrapremisushil.22)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आयोजना कार्यान्वयनमा स्वामित्व अभाव प्रमुख समस्या



डा. विष्णुप्रसाद गौतम

विकास र समृद्धिको आकांक्षालाई साकार पार्न सघाउने एउटा उपाय हो गौरवका आयोजना । तर, आकांक्षा र सोचबाट मात्र निर्देशित हुनु यस्ता आयोजनाको विडम्बना हुन पुगेको छ । कुनै खास राष्ट्रिय मापदण्डबिना तमाम आयोजनाकै साधारण हैसियतमा एउटा विशेषण थपेर मात्र गौरवका आयोजना भइहाल्ने होइनन् । विश्व बैंकले नेपालको प्रणालीगत विश्लेषणसम्बन्धी प्रतिवेदन सन् २०१८ मा तयार पारेको थियो । त्यो प्रतिवेदनअनुसार नेपालको वार्षिक कार्यक्रम पुस्तिकामा उल्लिखित आयोजनाहरूको औसत निर्माण अवधि ११ वर्ष र राष्ट्रिय गौरवका आयोजनाको औसत निर्माण अवधि १३ वर्ष रहेको पाइयो । हाम्रो विडम्बना यस्तो छ ।

हामीले स्वप्नील कुरा गर्नुभन्दा अगाडि वास्तविक हैसियतको विवेचना गर्नुपर्ने हुन्छ । खास कारण पहिल्याउनुपर्छ । वस्तुगत समाधान खोज्नुपर्छ । कार्यान्वयन क्षमतामा उल्लेख्य सुधार गर्नु वाञ्छनीय छ । असरल्ल पारिएका परियोजनालाई निष्कर्षतर्फ नडोर्याई थप परियोजनामा लालयित हुनु समाधानमुखी हुनुभन्दा पनि चुनौतीलाई बढावा दिनुजस्तो भएको छ । वास्तविक समस्याहरूमा केन्द्रित नहुने र वास्तविक समस्याका कुरा झिना-मसिना ठान्ने आकाशे प्रवृत्ति विकासको बाधक बनेको छ । समस्या समाधानका लागि समस्यालाई आत्मसात् गर्नु पूर्वसर्त हुनुपर्छ । समाधानका लागि अठोट हुनुपर्छ । आयोजनाको हकमा समस्याको आत्मसात् र समाधानको अठोट भनेको स्वामित्व ग्रहण गर्ने कुरा हो । आयोजनाको सफल कार्यान्वयन नहुनुमा बहस गर्दा कैयौं कारण देखिन्छन् । तर, स्वामित्व ग्रहणको अभाव प्रमुख कारण हो । मानौं हामीलाई कुनै जाँच दिनुपर्नेछ । त्यसका लागि काठमाडौं वा यस्तै कुनै सहरसम्म यात्रा गर्नुपर्नेछ । केही कारण बस पाइएन भने हामी रिजर्भ गरेर भए पनि जान खोज्छौं । आफन्त र साथीभाइसँग सहयोग माग्छौं । उपलब्ध हुन सक्ने सबै विकल्प सम्झन्छौं । र, मन्थन गर्छौं । सडकको सट्टा हवाई मार्ग खोज्छौं । जेसुकै गरेर भए पनि हामीले हाम्रो जाँचमा उपस्थिति जनाउने विषयमा केन्द्रमा राख्छौं र त्यसैअनुरूप कर्म गर्छौं । हामीले जाँचको पूर्ण स्वामित्व लिन्छौं । समयतालिकालाई कुल्चने छूट नै हुँदैन ।

असाधारण परिस्थितिमा पनि लक्ष्य हासिल गर्ने हाम्रो तीव्र चाहना हुन्छ । हामी सबैमा यसो गर्ने क्षमता विद्यमान हुन्छ । यसै अवधारणालाई अलि फराकिलो हिसाबले सोच्ने हो भने निजी क्षेत्रले कार्यान्वयन गर्ने र सार्वजनिक क्षेत्रबाट कार्यान्वयन हुने परियोजनाबीचको कार्यशैलीगत भिन्नता बोध गर्न सक्छौं । निजी क्षेत्रमा स्वामित्व लिने परिपाटी तुलनात्मक रूपमा राम्रो हुन्छ । समयसीमालाई उच्च महत्त्व दिइन्छ । तर, हाम्रोमा सार्वजनिक क्षेत्रमा त्यो परिपाटी र महत्त्व कमजोर छ । बुटवल-नारायणगढ सडक विस्तार परियोजना यसको एक सटिक उदाहरण हुन सक्छ । यो परियोजना हामी सबैको हो । तर, यसको खास स्वामित्व कसैले नलिएकाले समयमा सम्पन्न हुन नसकेको हो । यति मात्र होइन कहिले सकिन्छ भनेर यकिनसाथ कसैले भन्नसम्म सक्तैन । स्वामित्व ग्रहण कसैले नलिएको एउटा संकेत यसको थपिएको म्यादबाट पनि बुझ्न सकिन्छ । यसको म्याद साउनको ८ गतेसम्म थपिन्छ यसरी कि थप्ने कसैलाई पनि साउन ८ मध्य वर्षाको समय हो भन्ने हेक्का रहन्न । अनि जब साउन आउँछ, हामीले सधैं सुन्न र पढ्न पाइन्छ कि वर्षा लाग्यो । त्यसैले समयमा सकिएन । मानौं, उक्त पदाधिकारीलाई असार-साउनमा वर्षा हुन्छ भन्ने थाहा नै भएन । म्याद थप्ने विषयको एउटा प्रक्रिया हुन्छ । तलबाट उठेको फाइल माथि पुग्छ । निर्णय गर्ने तहसम्म पुग्दा धेरै जना अधिकारीले हेर्नुभएको हुन्छ । यदि यो आफ्नै आयोजना हो भन्ने जिम्मेवारीबोध हुने भएको भए कुनै न कुनै तहमा त्यो विषयले चर्चा पाउँथ्यो ।

आयोजना कार्यान्वयनको हाम्रो क्षमता कति हो ? त्यसअनुरूप आयोजनाको अवधि तोकिनुपर्छ । तीन वर्षमा कार्यान्वयन गर्नै नसक्ने आयोजना छ भने पनि तीन वर्ष म्याद राखेर ठेक्का लगाउने प्रचलन पनि छ । अनि म्याद थप गर्दा पनि गम्भीर हुने संस्कार देखिन्न । हाम्रो क्षमता र परिस्थितिका कारण पाँच वर्ष लाग्ने निश्चय हो भने पाँच वर्षकै म्याद राखेर समयतालिका बनाउनु उपयुक्त हुन्छ । तर, आयोजनाको स्वामित्व ग्रहण भएन भने सुरू गराउने अधिकारीले सम्पन्न गर्नेसम्मको समग्रतामा विचार गर्छन् भनी विश्वास गर्न सकिएन । प्राय: आयोजनाका अधिकारीहरूसँग साक्षात्कार हुँदा स्वामित्वबोध कमै पाइन्छ । मेरो सरुवा यहीं गरे, अब अर्को सरुवा नहुञ्जेल यहीं काम गर्ने हो भन्ने सोच प्रधान पाइन्छ । कर्मचारीको सरुवा गर्ने निर्णयकर्तासँग साक्षात्कार हुँदा उहाँहरूमा पनि आयोजनाको स्वामित्व लिएजस्तो गम्भीरता भेट्न मुस्किल हुन्छ । हाम्रो दुर्भाग्य भन्नुपर्छ, मन्त्री र सरकारका प्राथमिकता र उद्देश्य यस्ता कुरामा परेको पाइन्न । आयोजना कसको हो भन्दा सार्वजनिक हो अर्थात् हामी सबैको हो तर स्वामित्वको हिसाबले हामी कसैको पनि होइन भन्ने प्रतीत हुन्छ । बुटवल-नारायणगढ सडककै कुरा गर्ने हो भने देशको अर्थतन्त्र नै थला पार्ने गरी यसले भूमिका खेलेको छ । यात्रु र ढुवानीकर्ता वर्षौंदेखि पीडित छन् । स्थानीयवासीको जनजीवन नारकीय छ । वातावरण संरक्षणको कुरा गर्ने हो भने यसले देशको मध्यभागको प्रदूषणमा समेत यथोचित योगदान गरेको छ । दाउन्नेबाट बर्दघाट खण्डको जंगल क्षेत्रमा झरीको बेलाबाहेक सायदै कहिल्यै अगाडिको गाडी देख्न सम्भव हुने गरी धुलो बसेको छ । देशको समग्र मनोविज्ञान नै बिगार्ने गरी यसले भूमिका खेलेको छ । यो सारा तमासा वर्षौंदेखि छ । तर, त्यसको स्वामित्व लिने कुनै निकाय छैन भनेजस्तो देखिन्छ । आजको मितिमा पनि उक्त परियोजना निश्चित रूपमा कहिले सम्पन्न हुन्छ भनेर कसैले भन्न सक्तैन । भन्न चाहँदैन । भन्नुस् भनेर कुनै निकायलाई भनियो भने सायद उक्त जिम्मेवारी अरू कसैको हुने भनेर विषयान्तर गरिन्छ । अपवाद छाडेर कुरा गर्नुपर्दा हाम्रा आमपरियोजना तथा राष्ट्रिय गौरवका परियोजना समेतको नियति यस्तै-यस्तै छ ।

सरकारले मापदण्डबिना नै राष्ट्रिय गौरवका आयोजना कार्यान्वयन गरिरहेको छ । ती परियोजनाले गौरवको हुनुको विशेष सुविधा प्राप्त नगरिरहेको अवस्था छ । यो परिप्रेक्ष्यमा लुम्बिनी प्रदेशमा मापदण्ड बनाएर मात्रै प्रदेश गौरवका परियोजना छनोट गर्ने अभ्यास लागू गर्न खोजिएको हो । कुनै पनि परियोजनाले अनावश्यक ढिलासुस्ती खेप्नु हुँदैन । तर, एकैचोटि कायापलट गर्न पक्कै सम्भव छैन । त्यसैले केही यस्ता परियोजना छनोट हुन् जसमा जनताले गर्वबोध गर्न सकून् । कार्यान्वयन गर्नेहरूलाई पनि गौरवबोध होस् । ती परियोजनाले विकास र समृद्धिमा नि:सन्देह योगदान गरून् । अनि तिनको कार्यान्वयनको मार्ग अत्यन्त सहजीकरण गरियोस् । कुशल जनशक्ति तथा पर्याप्त बजेटको व्यवस्था गरियोस् । निश्चित समयसीमा कायम होस् । पूर्वतयारीका चरणहरू पहिल्यै पूरा गरियोस् । कतिपय नीति-नियममै परिवर्तन गरियोस् । यसरी विशेष प्राथमिकता दिने परिपाटी अभ्यास गरेर गौरवका आयोजनाको गौरवपूर्ण कार्यान्वयन गर्न सकिन्छ । सरकार तथा मन्त्रीको छिटो-छिटो फेरबदलीले आयोजना प्रक्रियामा तात्विक अन्तर पर्दैन भनेर यदाकदा दाबी गरिने गरेको छ । यद्यपि, यसले अपूरणीय क्षति गरिराखेको हुन्छ । किनभने, स्वामित्व ग्रहणको पाटो धराशायी हुन पुग्छ । त्यस्तो फेरबदलीको सिलसिलास्वरूप जिम्मेवार पदाधिकारीको सरुवा आयोजनाका लागि अर्को पीडा बन्ने गरेको छ । आयोजना कार्यान्वयनका लागि स्वामित्वबोध गर्ने जनशक्तिको सबैभन्दा महत्त्वपूर्ण भूमिका छ । किनभने, जिम्मेवार पदाधिकारीले बाँकी तमाम स्रोत-साधन जुटाउने सामर्थ्य राख्छ । अनुकूल परिस्थितिमा थोरै प्रयासमै, प्रतिकूल परिस्थितिमा कठोर प्रयासमा । तर, आयोजनाप्रति स्वामित्वबोध नै गर्न नदिने गरी असामयिक, हचुवा र स्वार्थप्रेरित सरुवा गर्ने चलनले गर्दा आयोजनाहरू बेवारिस बनिरहेका हुन्छन् । जिम्मेवार पदाधिकारीलाई आवश्यक स्रोत-साधन र निर्णय क्षमताका लागि सहजीकरण गर्ने तथा आयोजनाको प्रगतिलाई कार्यसम्पादन मूल्यांकनको आधार बनाउने परिपाटी देखिने गरी लागू गर्ने दिशामा सरकारहरूले ध्यान पुर्‍याउनुपर्छ ।

आयोजनामा काम गर्ने तलदेखि माथिसम्मका सबैलाई यो आयोजना मेरो हो, मेरो जिम्मेवारी हो भन्ने बोध हुनुपर्छ । काम गराउने दिशामा के-के गर्नुपर्ने हो ? सरकारले त्यसतर्फ ध्यान दिन जरुरी छ । जिम्मेवार पदाधिकारीले पनि आफ्नो नियुक्ति विशेष भूमिका र योगदानका लागि भएको हुनाले त्यसमा कसरी अब्बल बन्ने भन्नेमा ध्यान केन्द्रित गर्नु जरुरी देखिन्छ । अरूको चियोचर्चो र गुनासो गर्नुको सट्टा सबैले आआफ्नो भूमिकामा ध्यान केन्द्रित गर्नमा जोड दिने हो भने स्थितिमा उल्लेख्य सुधार भइहाल्छ । आयोजनाको सफल कार्यान्वयन भनेको बाधा-व्यवधान र जोखिमरहित चउरमा गाडी गुडाएजस्तो सहज कर्म होइन । अपितु घुम्तीयुक्त सडकमा कुशलतापूर्वक सवारी चलाएजस्तो चुनौतीपूर्ण जिम्मेवारी हो । बाधा-व्यवधान तथा जोखिमलाई आयोजना कार्यान्वयन नगर्नका लागि बहाना बनाएर नभई कुशाग्र दिमाग र तौरतरिकाले सम्बोधन गर्ने हो भने उल्लेख्य प्रभावकारिता हासिल गर्न सकिन्छ । समस्याहरूको पर्याप्त छलफल गर्नुपर्ने उपयुक्त ठाउँमा समस्याको चर्चा गर्न नै हिच्किचाउने प्रवृत्ति देखिन्छ । समस्या सकभर लुकाउने अनि अनुपयुक्त ठाउँमा समस्या देखाउँदै झर्कने देखिन्छ । समस्याको सही चिरफार नगरीकन समाधान फेला पर्दैन । यसो हुनाले समस्यालाई वस्तुगत हिसाबले पेस गर्ने र समाधानका सम्भावित उपाय पस्कने परिपाटीमा जोड दिनु उपयुक्त हुन्छ ।

जिम्मेवारी सकभर पन्छाउने प्रवृत्तिले गर्दा समस्या समाधान नहुने दिशातर्फ जान्छन् । आयोजनाहरू सफल कार्यान्वयन नहुने दिशामा जान्छन् । जिम्मेवार अधिकारीले जिम्मेवारी पन्छाउनुको सट्टा जिम्वारीबोध गर्ने गरे धेरै समाधान निस्कन थाल्छन् । आजको भोलि कायापलट सम्भव छैन । तर, आफ्ना कमजोरीलाई निरन्तर सुधार गरेर मात्रै हामीले साना-ठूला सबै खाले आयोजनाको सफल कार्यान्वयन गर्न सक्नेछौं । गौरवका आयोजनाको हकमा पर्याप्त जनशक्ति, बजेट, समय, विशेष नीति-नियम तथा निर्णयको सुनिश्चितता गरे उल्लेख्य प्रगति हासिल गर्न सक्छौं । अठोटयुक्त समय-तालिका बनाएर त्यसको सम्मान गर्ने गरी आयोजनाप्रतिको स्वामित्व ग्रहण हाम्रो संस्कार बन्नुपर्छ ।

**-रातोपाटी डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समयको तालमेल नमिल्दा कार्य अधुरो रहन सक्ला ।कामबाट जस पाइनेछैन्। | **तुला** : विद्यार्थीहरूलाई अध्ययनको सफलताले विदेशतिर जाने अवसर मिल्नेछ। |
| **वृष** : पिताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। अध्ययनमा रुचि बढ्नेछ। | **वृश्चिक** : घरायसी कामले अप्ठ्यारो पार्न सक्छ।राज्यपक्षबाट सहयोग मिल्नेछ। |
| **मिथुन** :नयाँ बाटोहरू खुल्नेछन्। मित्रको सल्लाहले बिग्रेको काम बन्नेछ। | **धनु** : सरकारी क्षेत्रमा प्रभाव बढ्नेछ।वैदेशिक क्षेत्रबाट लाभ मिल्नेछ। |
| **कर्कट** : प्रेम सम्बन्धमा उत्पन्न भएका शंकाहरू समाप्त हुनेछ। | **मकर** : सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। समय अनुकूल रहनेछ। |
| **सिंह** : मिष्ठान भोजन मिल्नेछ । परिवार जनको साथमा रमाउँदा मनमा खुसी मिल्नेछ । | **कुम्भ** :परिवारमा कसैको स्वास्थ्य सम्बन्धित समस्याले गर्दा धन खर्चका योग छन्। |
| **कन्या** : साझेदारी व्यापारबाट लाभ मिल्ला।उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। | **मीन** : पारिवारिक मनमुटाव सुल्झिनेछ। व्यापार व्यवसायमा लाभ मिल्नेछ। |

# साहित्य दर्पण

पुस्तक ● खेम थपलिया

# मूल्याङ्कनमा जनयुद्धका डायरी

जनयुद्धका डायरीको कुनै बढाइँ-चढाइको आवश्यकता नै पर्दैन । यी डायरीले आफ्नो यौद्धिक समकालीनताको धेरै कुरा बोलिरहकै छ । हाम्रो आन्दोलन र हाम्रो आफ्नै स्वभावजन्य कार्यशैलीका कारण मात्र हामी आफैँ खुम्चिँदै गएका मात्र हौँ । खुम्च्याइ मनोविज्ञानद्वारा उदात्त भावनाको वास्तविक मूल्याङ्कन हुनै सक्दैन । हामीले जनयुद्धका डायरीलाई जोड रिडको संसारलाई हल्लाइदिएका ती दश दिनसित तुलना गरिरहेका छौँ । जोड रिड निष्ठावान् क्रान्तिकारी कम्युनिस्ट थिए । रिडको उक्त पुस्तकमाथि लेखिएको रुसी संस्करणको भूमिकामा नाजेज्दा क्रुप्सकायाले भने की थिइन्:दार्शनिक कार्ल मार्क्सलाई असाध्यै मन परेको र उनले सबैलाई सुनाउने गरेको कथा यस्तो छ- एक जना दार्शनिक थिए । उनमा ज्ञानको ठुलो घमन्ड थियो । उनी अरूलाई पटक्कै नगन्ने खालका थिए, उनी आफ्नो बखान गरेर सबैलाई हेला गर्थे ।

एक दिन उनलाई ठुलो नदी तरेर कतै टाढा जानुपर्ने भयो । उनी नदी तर्न डुङ्गामा चढे । दार्शनिकले माझीसँग आफ्नो ज्ञानको बखान गर्न थाले । कुरै कुरामा उनले माझीलाई सोधे- तिमीले इतिहास पढेका छौ ? जीविकोपार्जनका लागि नदीमा डुङ्गा चलाउने माझीले शालीनतापूर्वक उत्तर दिए छैन दार्शनिकले हेप्दै भने- त्यसो भने तिमीले आफ्नो आधा जिन्दगी त्यसै खेरयालेका रहेछौ । दार्शनिकले फेरि सोधे- अनि तिमीलाई गणितचाहिँ आउँछ नि ? कहिल्यै किताब नपढेका माझीले फेरि उत्तर दिए- अहँ, त्यो पनि आउँदैन । दार्शनिकले माझीलाई फेरि भने- त्यसो भने तिमीले बाँकी आधा जीवन पनि त्यत्तिकै खेरफ्यालेका रहेछौ यस्तै-यस्तै संवाद चलिरहँदा उनीहरू नदीको बिचभागतिर पुगे । नदीको बिचभागमा पुग्नै लाग्दा अचानक ठुलो हावाहुरी चल्न थाल्यो । नदीमा ठुल्ठूला छाल आउन थाले । माझीले धेरै कोसिस गर्दा पनि डुङ्गालाई नियन्त्रण गर्न सकेनन् । डुङ्गा पल्टङ्गै पल्टियो । माझी र दार्शनिक एक्कासि एकै पटक छालमय नदीमा फसे । माझीले दार्शनिकलाई सोधे- दार्शनिक महोदय, तपाईंलाई पौडी खेल्नचाहिँ आउँछ नि ? किताबी किरो दार्शनिक पौडी खेल्न पटक्कै जान्दैनथे । दार्शनिकले आत्तिँदै जवाफ दिए अहँ, आउँदैन अनि माझीले दार्शनिकलाई भने- मैले किताबी ज्ञान नपढेर आधा जीवन मात्रै खेरफ्यालेको थिएँ, तपाईंले त पौडी खेल्न नजानेर पूरै जीवन खेरफ्याल्नु हुने भयो । माझीले यत्ति मात्रै के भनेका थिए, नदीको छालले ती दार्शनिकलाई हुत्याएर कता लग्यो लग्यो हेर्दा हेर्दै दार्शनिक नदीमा बेपत्ता भए । माझी पौडिएर किनारमा उत्रियो । यसर्थ, मानिसले त्यत्तिकै जीवन खेर फाल्नुहुँदैन ।माओले लाल र निपूणको कुरालाई असाध्यै महत्तवका साथ उठाएका छन् । हामीले माथि उद्धृत गरेको मार्क्सलाई मन परेको कथाको अन्तर्वस्तु पनि लाल र निपूणको अपरिहार्यता हो । नेहरुले दिएको धन्यवादको प्रत्युत्तरमा दिनकरले भनेछन्, धन्यवाद मलाई होइन, भारतलाई दिनुस्, तपैँ मात्र लडेर त केही हुनेवाला थिएन तर भारत लड्यो भने सबै कुरा बर्बाद हुनेछ । त्यस कारण, हाम्रो सन्दर्भमा पनि एकाध माओवादी नेता बिग्रिएर केही फरक पर्नेवाला छैन तर माओवादी सिद्धान्त, विचार र राजनीतिक लाइन बिग्रियो भने सबै कुरा बर्बाद हुनेछ । कवि दिनकरले यो पनि भनेका थिए जब जब राजनीति लरखराउन थाल्छ, तब तब साहित्यले सहारा दिन्छ । धितालकृत जनयुद्धका डायरी लरखराउन लागेको राजनीतिको सहारा पनि हो । 'किन लेख्ने ? के लेख्ने ?' भन्ने विषयबारे अनेक बहस हुँदै आएका छन्, यद्यपि पूर्व र पश्चिम दुवैको सन्दर्भमा त्यति धेरै भिन्नता पाइँदैन । दार्शनिक प्लेटोले गणराज्यका नीति र नैतिकताको विषय उठाएका थिए । कलावादी-आदर्शवादी र यथार्थवादी-भौतिकवादी शिविरका बिचमा चर्को लडाइँ परिरहेको छ । कलावादी-आदर्शवादी चिन्तनले 'कला कलाका लागि' लेख्ने भन्दछन्, जसले स्वान्तसुखायको पैरवी गर्दछ । भौतिकवादीहरूले 'जनता, क्रान्ति र परिवर्तनका निम्ति' लेख्ने भन्दछन् । लेखनका लागि सामाजिक सरोकारका विषय महत्त्वपूर्ण हुन्छन् । न्यायपूर्ण समाजको स्थापना र सामाजिक रूपान्तरण लेखनका खास विषय हुन् । लेखकले गतिशील यथार्थ पक्रिनै पर्दछ । प्रा.डा. ताराकान्त पाण्डेय भन्छन्:हामी यदि सामाजिक परिवर्तनका निम्ति लेखिरहेका छौँ, उत्पीडित जनगणको मुक्ति र तिनको आत्मिक आनन्दका निम्ति लेखिरहेका छौँ भने विषयका बृहत् फलकबाट छनोट गर्नै पर्दछ । जुन विषय आवश्यकताका वा महत्त्वका केन्द्रमा छ, लेखनका निम्ति त्यसैबाट सामग्रीको छनोट गर्नु आवश्यक हुन्छ । जनताका आन्दोलन र आकाङ्क्षाले माग गर्ने विषयको छनोट गरेर स्रष्टाले लेख्नुपर्दछ । निश्चित रूपमा स्रष्टाका आफ्ना रुचिको भूमिका पनि हुन्छ नै र त्यसले पनि के लेख्ने भन्ने कुराको निर्धारण गर्दछ तर फेरि पनि केन्द्रमा चाहिँ समाज नै हुन्छ, जनगणका आकाङक्षा् सपना नै हुन्छन् । जे सत्य छ, जे शिवमय छ र जे सुन्दर छ, त्यही लेख्नुपर्दछ । सत्यका लागि सत्यमय अभिव्यक्ति गर्ने, शिवका लागि शिवमय अभिव्यक्ति गर्ने र सौन्दर्यका लागि सुन्दर सिर्जना गर्नुपर्दछ । एरिस्टोटलका अनुसार आलोचनाबाट बच्ने एउटै उपाय छ, केही नगर्नु, केही नभन्नु र केही नहुनु । जनयुद्धले केही गरेको छ, केही भनेको छ र केही भएको छ । त्यसकारण, माओवादीहरू आलोचनाबाट डराउनुहुँदैन अहिलेलाई यति भनौँ जो चुकेर वा बिकेर गए, उनीहरूसित गुनासो गर्नुको कुनै अर्थ छैन । जोसित इमानदारिता बचेको छ, जसको ऊर्जस्विता बाँकी छह उनीहरूसित भने एक पटक अवश्य सोधौँ- प्रिय कमरेड फेरि एक पटक ऊर्जस्वी पर्वतारोही बन्ने आँट गर्ने कि अन्त्यमा, डायरीकार मनत्रृषि धिताल र उहाँका जनयुद्धका डायरीको मूल्याङ्कनलाई यसरी संश्लेषण गरौँ-:

१. जनयुद्ध, माओवाद र माओवादीका विरुद्ध चौतर्फी हमला भइरहेको समकालीनतामा जनयुद्धका क्रममा प्रदर्शित वीरता, शौर्य र बलिदानलाई पुँजीकृत गरेर मनत्रृषि धितालले जनयुद्धका डायरीमार्फत माओवादी आन्दोलनमा महत्वपूर्ण योगदान दिएका छन् । जनयुद्धका डायरी बलिदानगाथा र अभिव्यक्ति स्वतन्त्रताको समवेत स्वर बन्न पुगेका छन् ।

२. जनयुद्धका डायरी स्वतन्त्र अभिव्यक्ति, जनमुक्ति तथा स्वतन्त्रताको दस्तावेज बन्न पुगेका छन् । जनयुद्धका डायरी इतिहासको पुनर्तालिकीकरण, वर्तमानमा प्रतिबद्धता र भविष्यप्रतिको आशावाद जगाउने जनमुक्ति यात्राका ऐतिहासिक दस्तावेज हुन् ।

३. समकालीनता माओवादी आन्दोलनमा शब्द, कर्म र जीवनको तादात्म्यता कष्टसाध्य बन्न पुगेको छ । डायरीकार धिताल स्वयम् जनयुद्धका भोक्ता, द्रष्टा र स्रष्टा भएकाले प्रतिुब (कतिपय समुब 'सजातीय') का कतिपय 'यक्षप्रश्न' लाई जनयुद्धका डायरीले व्यवहारत: गलत सावित गरिदिएको छ ।

४. आवेगमय यौद्धिक भावधारामा संरचित जनयुद्धका डायरी नयाँ यथार्थपरक मार्क्सवादी साहित्यिक सिर्जना हुन्, जसले जनयुद्धको सौन्दर्यमूल्य वहन गरेको छ । यसले जनयुद्धको विद्रूपीकरण, विमानवीकरण, विभ्रमीकरण र विखण्डीकरणविरुद्धको सैर्ष तथा जनयुद्धको गौरवशाली बलिदानको सौन्दर्यकरणको नवीन मोर्चा खोलेको छ ।

५. भाषामा आञ्चलिकता, भौगोलिकता र संरचनागत रूपमा जनयुद्धका डायरी विविधतामय बनेको छ । यसले डायरीको विधागत मानदण्डलाई अलि कम तथा जनयुद्धका भीषण मोर्चाका आवेगमय जीवन्त आयामलाई अलि बढी समेट्ने प्रयत्न गरेको छ । यो नेपाली वर्गसैर्षको ऐतिहासिक, रोमाञ्चक र तुफानी शब्दचित्र बन्न पुगेको छ ।

६. माओवादी पार्टी सगंठनमा विचार, राजनीति र कार्यदिशाका समस्या भनिए पनि खासमा त्यो शक्ति विन्यासीकरण 'पावर सेयरिङ्ग को विषयमा केन्द्रित थियो ।' यही विषय नमिल्दा आन्दोलनमा टुटफुट, विभाजन, अविश्वास र आशङ्काले प्रश्रय पाएको हो । जनयुद्धका डायरीले यसतर्फ पनि समेत गरेको छ ।

७. आशावादिता अविच्छिन्न प्रक्रिया हो । जब मानिस (जनता) को जीवनमा अन्तर्यको आशावादी आगो बल्न थाल्छ, उसलाई प्राप्त हुने ऊर्जा-पोषणबाट उसको नसा-नसामा नयाँ जीवन बग्न थाल्छ, तब जनता आफू पनि जुरुक्क उठ्छन् अनि देशलाई पनि जुरुक्कै उठाउँछन्ह जनु प्रक्रियामा जनयुद्धका डायरी साध्य र साधन दुवै बन्न सक्दछ ।

८. जनयुद्धका डायरी यस्तो उपजीव्य ग्रन्थ बन्न पुगेको छह जसको प्रत्येक सन्दर्भ, घटना, पात्र वा परिवेशबाट सयौँ महाकाव्य, गीत, कविता, नाटक, उपन्यास, कथा, निबन्ध, चलचित्र बन्न सक्दछन् । यसले जोन रिडको रसियन समाजवादी क्रान्तिमा आधारित विश्वप्रसिद्ध पुस्तक संसारलाई हल्लाइदिएका ती दश दिनको पदचाप पछ्याएको छ, जसले रसिन समाजवादी क्रान्तिलाई विश्वसमक्ष प्रचार गर्नुका साथै विश्वभर समाजवादी क्रान्तिको ध्वजा फहराउन ठुलो योगदान गरेको थियो ।

९. जोन रिडका अनुसार दायित्वपूर्ण र जिम्मेवारीपूर्ण लेखनले नयाँ चीज देख्न र अरूलाई पनि नयाँ चीज देखाउन सक्नुपर्दछ । धितालले आफ्नो डायरी लेखनका माध्यमबाट नयाँ संसार जन्मिँदै गरेको अनुभूति गराएका छन् । फ्रान्सिस बेकनले भने जस्तै ...केही पुस्तक चाख्नका लागि हुन्छन् भने केही पुस्तक निल्नका लागि । र, थोरै पुस्तक चपाउन र पचाउनका लागि हुन्छन् । धितालका डायरी चपाउन र पचाउनका लागि हुन् ।

१०. समकालीनतामा जनयुद्धका डायरीमा आएका कतिपय पात्रहरूको वैचारिक तथा सांस्कृतिक परिस्थितिमा व्यापक फेरबदल आएको छ । यसले माओवादी आन्दोलनमा पुऱ्याएको क्षतिको परिपूरण तथा जनतामा परेको नकारात्मक मनोवैज्ञानिक असरको तत्काल रूपान्तरणको उपचार जरुरी छ । दिनकरले भने जस्तै जब-जब राजनीति लरखराउन थाल्छ, तब-तब साहित्यले त्यसलाई सहारा दिन्छ । मनत्रृषि धितालकृत जनयुद्धका डायरी लरखराउन लागेको माओवादी राजनीतिको सहारा पनि बन्न पुगेको छ ।

*-इहिमालय टाइम्स*

## कविता : रातो कापी

पाँच मुठा साग बेचेर
छोरालाई एउटा कापी किन्न
पाँच माइलको बाटो

खाली खुट्टै हिंडेका हुन्
मेरा बाले।
फर्किंदा गाउँमा

भोकको पीडाले
थरीको घाँस खाँदा
घाँस घाँटीमै अड्किएर मृत्यु भएकी

पाँच वर्षकी बालिकालाई देखेपछि
मेरा बाले त्यहीं छोडिदिए
बजारबाट ल्याएको रातो रङको कापी



श्याम गैरे

मलामीको नाम लेख्न ।
हो,
त्यही कापीमा लेखिएको छ
मेरो देशको भविष्य ।
-अनलाइनखबर डटकम


# Raw Khola Lifting Water Supply and Sanitation User Committee
## Gulmidurbar RM-1, Gulmi

# Request for Quotation (RFQ)

**Section I. RFQ**
**Supply, delivery of GI pipes and other construction Materials of Lift Water Supply System (Double Lift)**

**1.**User committee of Raw Khola lifting water supply and sanitation schemes invites sealed quotation from suppliers in coordination with different stakeholders for **Supply, delivery of GI pipes and other construction Materials** for Water Pumping System at Gulmidurbar Rural Municipality -1 of Gulmi district;

**2.** Sealed quotation must be submitted to the office of **Raw Khola Lifting Water Supply and Sanitation User Committee** Gulmi or can be submitted via email with password protected document before 5:00PM on January 12, 2025 . Passwords should be shared only on the day of the bid opening day with an authorized official. Documents received after this deadline shall not be accepted;

**3.**The supplier must make sure to follow all the **"Contractor's Eligibility Requirements".** The supplier must sign and stamp all the copies of submission including all the documents along with Technical Specification any other document in the Quotation;

**4.**User committee reserves the right to accept or reject, wholly or partly any or all the quotations without assigning any reason, whatsoever.

**Section II. RFQ Data**

| | |
|---|---|
| 1 | Name of the Purchaser: **Raw Khola Lifting water supply and sanitation users committee, Gulmidurbar Rural Municipality -1 Gulmi;** |
| 2 | Name of Contract: **Supply, delivery of GI pipes and other construction Materials for Lifting water supply project** |
| 3 | **Contractor's Eligibility Requirements are:**<br>a) Cover Letter for submission of quotation;<br>b) Company Profile and experiences in design, supply, and installation of solar pumping schemes;<br>c) Tax Registration/Payment Certificate issued by the Internal Revenue Authority evidencing that the contractor is updated with its tax payment obligations, or Certificate of Tax exemption, if any such privilege is enjoyed by the Bidder;<br>d) Certificate of Registration of the business, including Articles of Incorporation, or equivalent document if contractor is not a corporation;<br>e) Quality Certificate (e.g.,NS, ISO, etc.) and/or other similar certificates, accreditations, awards and citations received by the contractor, if any;<br>f) Reference Letter for the similar kind of works;<br>g) Certification or authorization to act as Agent on behalf of the Manufacturer, or Power of Attorney, if the contractor is not a manufacturer. |
| 4 | **For BOQ:**<br>**Interested vendors can request through mail:** |
| 5 | **Deadline for RFQ submission:**<br>Date : January 12 2025;<br>Time : **5:00 PM;**<br>Place : **Gulmi Durbar RM-1 ,Balithum**<br>**Email: rahliftingwuc@gmail.com**<br>**Contact no: 9867250426,9851321586** |
| 6 | **Projects Details:**<br>❖ Raw Khola Solar Lift Water Supply and Sanitation Project;<br>❖ Address: Gulmidurbar-1 Gulmi. |
| 7 | **Payment:**<br>i. **Upon Signing of Agreement**: Forty (40) percent of the Contract Price;<br>ii. **Upon Supply and Delivery of materials & TC Report as per contract**:: Final Fifty (50) percent of contract price.<br>iii. After three months of the Upon testing of the materials (10 percent of the contract price. |

**3.4 Scope of Work:**
The scope of this task is to supply, and deliver the Gi pipes and other construction materials listed at Bill of Quantities (BoQ). Specific tasks related to this project are as below:

**1. GI Pipes:** Galvanization iron pipe should be coated with a layer of zinc to protect against corrosion, making them durable and long-lasting.GI iron pipe involves immersing the iron or steel pipe in molten zinc, creating a durable and corrosion-resistant outer layer. The GI Pipe shall be all medium duty and confirming to NS-199 confirming to Nepal Standard;

**2. Fittings and other construction Materials:** All the fittings and other construction materials items should be confirming to Nepal Standard.



## घाँसको जोहो

पाल्पा रामपुरको स्थानीय जंगलबाट घाँसको भारी बोकेर रामपुर नगरपालिका-५ बेभाडस्थित घरतर्फ जाँदै गरेका स्थानीय । **तस्विर : सुशीला रेग्मी/रासस**

# लुम्बिनी र कर्णाली प्रदेशबीच विकासका लागि प्रतिवद्धता

**दाङ,** पौष १२/लुम्बिनी प्रदेश र कर्णाली प्रदेशसरकारले विकासका लागि साझा प्रतिवद्धता व्यक्त गरेका छन् । उनीहरुले दुई प्रदेशको विकासर समृद्धिमा एक आपसमा सहकार्य गर्ने गरी अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरेका हुन् ।

शुक्रबार एक कार्यक्रमका बीच लुम्बिनी प्रदेशकामुख्यमन्त्री चेतनारायण आचार्य र कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलबीच १९ बुँदे साझा प्रतिबद्धतामा सहमति भएको छ । सहमतिमा प्रदेशबाट तर्जुमा हुने र भएका कानुनको सम्बन्धमा पारस्परिक सहयोग, समन्वय र सहकार्य गरी एक रूपता कायम गर्ने कुरा समेटिएको छ । अन्तर-प्रदेश आबद्ध भएका जमुनाह-हिल्सा सडक,सुर्खेत-तेलपानी-भुरी गाउँ सडक, राप्ती लोकमार्ग निर्माण, कोहलपुर-सुर्खेत सडक विस्तार, कोहलपुर-बबई तथा बबई-छिन्चु सुरूङमार्ग सम्भाव्यता अध्ययन सडक पूर्वाधार निर्माणका लागि आवश्यकता अनुसार नेपाल सरकारसँग समन्वय गरी साझेदारी र सहकार्य गर्ने साझा प्रतिबद्धता गरिएको छ । यस्तै प्रदेश कानुन बमोजिम लगाइने करका सम्बन्धमा दुवै प्रदेश बीच एकरूपता कायम गर्ने र प्राकृतिक स्रोत साधनबाट




संकलन हुने रोयल्टी बाँडफाँटको विषयमा सामञ्जस्यता कायम गर्ने, राष्ट्रिय गौरवको भेरी बबईडाइभर्सन बहुउद्देश्यीय आयोजना शीघ्र सम्पन्न गर्न दुवै प्रदेश सरकारको तर्फबाट नेपाल सरकार समक्ष समन्वय गर्ने र स्थानीय स्तरका आयोजना सम्बद्ध सवालहरूमा स्थानीय तह समेतको समन्वयमा विवाद समाधानका लागि आवश्यक पहल गर्ने सहमति गरिएको छ । लुम्बिनी प्रदेशका विमान स्थलबाट कर्णाली प्रदेशका हिमाली जिल्लामा नियमित हवाई उडान गर्न आवश्यक पहल गर्ने, भैरहवा-सुर्खेतहवाई सेवा सञ्चालन गर्न नेपाल सरकारसँग अनुरोध गर्ने, कोहलपुर-सुर्खेत १३२ के.भी.ए.प्रसारण लाइन विस्तारमा देखिएका समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने प्रदेश बीच भएको साझा प्रतिबद्धतामा समेटिएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## खेलकुद समाचार

# चर्च ब्वाइजको पुनरागमन जित




**काठमाडौं,** पौष १२/एन्फा यू-१६ युथ लिगमा चर्च ब्वाइज युनाइटेडले विजयी सुरुवात गरेको छ । शुक्रबारदेखि सुरु भएको एन्फा यू-१६ लिगमा चर्च ब्वाइजले संकटाविरुद्ध २-१ को पुनरागमन जित हात पारेको हो ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको उद्घाटन खेलमा पेम्बा तामाङले १५ औं मिनेटमा गोल गर्दै संकटालाई सुरुवाती अग्रता दिलाएका थिए । तर त्यो अग्रता लामो समयसम्म टिकेन । ३० औं मिनेटमा सुनिल मगरले चर्च ब्वाइजका लागि बराबरी गोल फर्काए । सुगम रानाले ८४ औं मिनेटमा गोल गर्दै चर्च ब्वाइजलाई २-१ को अग्रता दिलाए । त्यही गोल नै चर्च ब्वाइजको जितमा निर्णायक बन्यो । अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा सुरु भएको यू-१६ युथ लिगमा शुक्रबारको अर्को खेलमा हिमालयन शेर्पा र मछिन्द्र क्लब खेलिरहेका छन् । त्यसपछिका खेलहरू भने पुस २१ देखि सुरु हुने एन्फाले जनाएको छ ।

## अर्थ /कर्पोरेट समाचार

# चार दिनमै बिक्री भयो 'गरिमा समृद्धि योजना'




**पाल्पा,** पौष १२/'गरिमा समृद्धि योजना' को निष्काशन तथा बिक्री चार दिनमै सकिएको छ । एक अर्ब बराबरको यो योजना निष्काशन तथा बिक्री खुलाएको चार दिनमा बिक्री भएको हो ।

गरिमा विकास बैंक कोष प्रवर्द्धक तथा गरिमा क्यापिटल योजना व्यवस्थापक रहेको सामूहिक लगानी कोष गरिमा म्युचूअल फण्डअन्तर्गत पहिलो बन्दमुखी योजना सुरु भएको चार दिनमै सम्पन्न भएको कम्पनीले जनाएको छ । गरिमा समृद्धि योजनाको बीज पुँजीसहित प्रतिइकाई अंकित मूल्य १० का दरले १० करोड इकाइ यही पुस ७ देखि ११ गतेसम्मका लागि सार्वजनिक निष्काशन खुल्ला गरिएको थियो । सो अवधिभरमा रितपूर्वक माग भन्दा बढी रकमको लागि आवेदन परेकाले सार्वजनिक निष्काशन तथा बिक्री बन्द गरिएको कम्पनीको भनाइ छ । प्रतिइकाइ १० रुपैयाँ रहने म्युचुअल फण्डमा न्यूनतम १०० र अधिकतम १ करोड इकाइका लागि आवेदन खुला भएको थियो । अनलाइन प्रणाली मेरो सेयरमार्फत आवेदन खुला गरिएको हो । कुल १ अर्ब रुपैयाँको १० करोड इकाइ जारी हुनेमा ८ करोड ५० लाख इकाइ सार्वजनिक रुपमा बिक्रीका लागि खुला गरिएको थियो । १० वर्षे अवधिको यस योजना बन्दमुखी रहेकाले दोस्रो बजारमा कारोबार हुनेछ ।

# तिनाउ गाउँपालिका...

...यसैगरी वडा-वडामा सचिव नहुँदा जनताको काम समयमा नभएको, बञ्चरेडाँडाको पहिरोको कारण बस्ती नै जोखिममा परेको, निर्माण भएका पर्यटकीय पुर्वाधार, पार्क क्षेत्रहरु बेवारिसे अवस्थामा पुऱ्याएको, तिनाउ नदी क्षेत्रमा सुरुङ्गमार्गको माटो ढुङ्गा डम्पिङ गरेको गुनासो गरेका छन् । सेवाग्रहीले सार्वजनिक सुनुवाई कार्यक्रममा पुर्वाधार निर्माणका काममा गुणस्तरीयतालाई ख्याल नगरेको, पालिकाभित्र गुणस्तरीय शिक्षामा ध्यान नदिएको, किसानहरुसँग सहकार्य गरेर काम नगरेको, खानीबाट आउने राजश्वहरु समयमा नउठाएको, प्रमुख प्रशासकीय अधिकृत बढी समयमा फिल्डमा जाँदा कार्यालयमा आउने सेवाग्रहीले दुःख पाएका लगाएका गुनासा गरेका थिए । कार्यक्रममा समग्र गुनासाहरुको जवाफ दिदै गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले बजेट अवस्था सिमित भएको र जनताका अपेक्षा आँकाक्षा बढी भएकोले सबैले खोजेजस्तो गर्न नसकिएको बताए । तर पालिका भित्र आर्थिक शुसासन, पारदर्शीता कायम राख्न आफु कटिवद्ध भएर लागेको अध्यक्ष श्रेष्ठले बताए । अबको ढाई वर्ष पदमा रहँदासम्म जनताको करको दुरुपयोग हुन नदिने गरी काम गर्ने पालिका अध्यक्ष श्रेष्ठले जोड दिए । आफुलाई कसैले आर्थिक विषयमा कसैले पनि एक पैसाको तलमाथी भएको प्रमाण पेश गरे गाउँपालिकाको अध्यक्ष पदबाटै राजीनामा दिने पालिका अध्यक्ष श्रेष्ठले दावी गरे । पालिकाको कृषि उत्पादन बढाउन, राजश्व बृद्धि गर्न, पर्यटकीय क्षेत्रमा पुर्वाधार निर्माणदेखी होमस्टे सञ्चालनमा जोड दिदै आएको अध्यक्ष श्रेष्ठले बताए । कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लेखबहादुर बस्नेतले चौमासिक प्रतिवेदनको समग्र प्रगती तथा आम्दानी खर्च सार्वजनिक गरे । प्रदेश लोकसेवा आयोगले कर्मचारी प्रयाप्त नदिदा पालिकाभरी नै वडा सचिवको अभाव भएको, पालिकामै कर्मचारी प्रयाप्त नहुँदा सेवा प्रवाहमा कठिनाई भएको, पालिकाभित्र आर्थिक शुसासन कायम गर्न कटिवद्ध भएर लागेको, खर्चमा कानुन अनुसार मितव्ययिता अपनाएको, अधिकाश योजनालाई टेण्डर प्रक्रियामा सञ्चालन गरेको, आगामी दिनमा सेवाग्रहीलाई सहजताको लागि समय सीमा तोकेर योजना अनुगमन गरिने प्रमुख प्रशासकीय अधिकृत बस्नेतले बताए । कार्यक्रममा नेपाली काँग्रेस तिनाउ गाउँसमितिका सभापति प्रेम श्रेष्ठ, नेकपा एमाले तिनाउ गाउँपालिका कमिटी अध्यक्ष रोमबहादुर लम्तरी, नेकपा माओवादी केन्द्र तिनाउकी संयोजक रितु कुमारी श्रेष्ठ लगायतले जनताप्रति उत्तरदायी, सुशासनमा कटिवद्ध, चुनावी घोषणपत्रलाई सम्झेर, तिनाउलाई कृषि पर्यटन केन्द्रित बनाएर काम गर्न सुझाव दिए । कार्यक्रममा कृष्ण पाण्डे, खगेन्द्र कसी, नारायण गिरी, लालबहादुर दर्लामी, दानबहादुर गाहा, विष्णु प्रसाद पाण्डे, कमल श्रेष्ठ, टोपबहादुर विश्वकर्मा, निर्मल बस्याल, केशवराज बस्याल, शिव पाण्डे, आशिष रायमाझी लगायतले गुनासा, सुझाव तथा आगामी दिनमा कर्मचारी तथा जनप्रतिनिधीहरुले गर्नुपर्ने काम कर्तव्य जिम्मेवारीका बारेमा चर्चा गरेका थिए । कार्यक्रमा उठेका प्रश्नहरुको शिक्षा शाखा प्रमुख लक्ष्मी कुवँर, राजश्वशाखा प्रमुख निरञ्जन लामिछाने, प्राविधिक शाखा प्रमुख किशन कुवँर, कृषि शाखा प्रमुख हेमन्त कुमार शर्मा, पशु शाखा प्रमुख अनिस पौडेल र प्रवक्ता यादव अर्यालले लगायतले जवाफ दिएका थिए । सार्वजनिक सुनुवाइको पाल्पा विकास केन्द्रका संयोजक किरण कौशलले सहजीकरण गरेका थिए ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई